


# ओरेक नेपाल

# वार्षिक प्रतिवेदन २०७५/०७६

# १. संस्थाको परिचय

महिला पुनर्स्थापना केन्द्र (ओरेक) महिला अधिकारप्रति समर्पित एवम् सामाजिक न्यायका निम्ति सङ्घर्षरत एक राष्ट्रिय गैरसरकारी संस्था हो । २०४७ चैत्र १९ मा स्थापित यो संस्थाले आफ्नो स्थापना कालदेखि नै सामाजिक न्याय र महिला अधिकार स्थापनाका लागि विभिन्न अभियान सञ्चालन गर्दै आइरहेको छ । महिला सशक्तीकरणको माध्यमबाट आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलाई सुनिश्चित गर्दै महिला विरुद्ध गरिने हिंसाको न्यूनीकरण गर्नु ओरेक नेपालको लक्ष्य रहेको छ । संस्थाले सोही अनुरूप मुख्य रूपमा निम्न प्रमुख अभियानहरू मार्फत्  कार्यक्रमहरूलाई निरन्तरता दिंदै आएको छ ।



## संस्थाको परिकल्पना

सामाजिक न्यायमा आधारित महिलाअधिकार सुनिश्चितता सहितको समाज ओरेक नेपालको परिकल्पना हो ।

## संस्थाको परिलक्ष्य

ओरेक नेपाल मानवअधिकारको सम्वर्द्धन र सामाजिक न्यायमा आधारित दिगो सामुदायिक विकासका लागि अभियानरत रहने छ ।

## संस्थाको लक्ष्य

महिला सशक्तीकरणको माध्यमबाट आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलाई सुनिश्चित गर्दै महिला विरुद्ध हुने हिंसाको न्यूनीकरण गर्ने ।

## रणनैतिक उद्देश्यहरू

- महिलाहरूलाई आफ्नो अधिकार प्राप्तिको लागि तथा आफूविरुद्ध हुने हिंसाको अन्त्यको लागि सङ्गठित तथा आफैं स्वतःर्स्फुत रूपमा परिचालन हुने वातावरण तयार गर्ने ।
- महिला अधिकार प्राप्तिका लागि महिला अधिकारकर्मी तथा अधिकारवाला समूहको क्षमता अभिबृद्धिमा सहजीकरण गर्ने ।
- महिला अधिकार तथा सामाजिक न्यायका लागि वकालत तथा अभियानहरू सञ्चालन गर्ने ।

- पितृसत्तात्मक मूल्य, मान्यतामा आधारित संस्कृतिलाई लैङ्गिक समानतामा आधारित संस्कृतिमा परिवर्तन गर्नका लागि आमसचेतीकरण गर्ने ।
- समान उद्देश्य भएका स्थानीयदेखि अन्तर्राष्ट्रिय स्तरसम्मका संस्थाहरू तथा जनसङ्गठनहरूसँग सहकार्य गर्ने ।

## संस्थागत रणनैतिक मुद्दाहरू

- सामूहिक महिला नेतृत्वको विकास र राजनीतिमा महिलाको सहभागिता
- महिलामाथि हुने हिंसाको र विभेदको अन्त्य
- हानिकारक परम्परागत अभ्यासहरूको अन्त्य
- महिला मानव अधिकार रक्षकहरूको पहिचान र सुरक्षा
- प्राकृतिक स्रोत साधनको दिगो ब्यबस्थापन, दिगो जीविकोपार्जन
- जलवायु न्याय
- महिलाको स्वास्थ्य अधिकार
- महिला सशक्तिकरण (आर्थिक र सामाजिक अधिकार) र दिगो बिकास
- संस्थालाई सिक्ने र सिकाउने थलोको रूपमा विकास

## संस्थाको कार्यक्षेत्र

महिला पुर्नर्स्थापना केन्द्र (ओरेक) ले आफ्नो एकीकृत अभियानहरू प्रत्यक्ष रूपमा १९ जिल्लामा र महिला हिंसा विरूद्धको अभियान आवश्यकता अनुसार ७७ वटै जिल्लाहरूमा महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय तथा जिल्ला सञ्जालहरूसँगको समन्वय र सहकार्यमा सञ्चालन गर्दै आएको छ ।

## २. कार्यकारी सारांश

ओरेक नेपालले आफ्नो स्थापनाकालदेखि नै मानव अधिकारमा आधारित सामाजिक न्यायको लागि स्थानीय स्तरदेखि राष्ट्रिय तथा अन्तर र्‍ाष्ट्रिय स्तरसम्म पनि पैरवी तथा आम सचेतीकरणका कार्यक्रमहरू सञ्चालन गरिरहेको परिप्रेक्षमा यस वर्ष संस्थाले समुदायमा क्रियाशील महिला सामुदायिक संस्थाहरूसँगको सहकार्यमा महिलाहरूलाई अभिमुखीकरण, तालिम, अन्तरक्रिया लगायतका कार्यक्रमहरू सम्पन्न गरी निर्वाचित जनप्रतिनिधिहरूसँग विषयगत सबालहरूमा छलफल, तालिम, गोष्ठी लगायतका कार्यक्रमहरू सञ्चालन गरेको छ । यस बर्ष स्थानीय तहसँगको समन्वय तथा सहकार्यमा जिल्लाहरूमा महिला स्वास्थ्य अधिकार कार्यक्रम, महिला हिंसा विरूद्धको अभियानमूलक कार्यक्रमहरू, दिवसीय कार्यक्रमहरू, हिंसा प्रभावितहरूका लागि सुरक्षावास कार्यक्रम र जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन भएका छन् । संस्थाले महिलामाथि हुने हिंसा विरूद्धको अभियान र आर्थिक, सामाजिक र सांस्कृतिक अभियानलाई महिलाका मानव अधिकारको सुनिश्चितताको गर्ने गरी केन्द्रित गरेको छ । महिलाहरूको पहिचान र आत्मसम्मानलाई नीति, कानून तथा व्यवहारले अझै स्वीकार गर्न नसकेको अबस्थामा यस्ता सबाललाई संबोधनका खातिर लैङ्गिक मूलप्रवाहीकरणका लागि विभिन्न ऐन, नियम, रणनीति र कार्ययोजनाहरू निर्माण एवं संशोधन गर्न सहजीकरण गर्ने अभियानलाई निरन्तरता दिइएको छ । ओरेक नेपालले दिगो विकास लक्ष्य प्राप्तिका लागि लैङ्गिक समानता कायम गर्ने कार्यक्रम तथा बजेटको व्यवस्था गर्ने र सबै पक्ष तथा निकायहरूबाट एकीकृत रूपमा समन्वयात्मक र सहकार्यमा अभिवृद्धिको प्रयास गरेको छ । महिलाका सेवामूलक तथा कृषि क्षेत्रका संलग्न उत्पादनशील कार्यलाई राष्ट्रिय मान्यता दिई आर्थिक स्रोतहरूमा समान अधिकार स्थापित हुने वातावरण निर्माण गर्न संस्थाले जोड दिएको छ ।



### ३. महिला हिंसा विरूद्धको अभियान

**लक्ष्यः** सामुदायिक संघसंस्थाको अगुवाईमा **समानता, समावेशीता र सामाजिक न्यायको संवैधानिक अधिकार** स्थानीय स्तरमा कार्यान्वयन भएको अवस्था ।

**उद्देश्यहरू**

उद्देश्य नं १ः संविधानतः सुनिश्चित भएको **मौलिकहकहरूको (समानताको हक (धारा १८), महिलाको हक (धारा ३८), सामाजिक न्यायको हक (धारा ४२) कार्यान्वयनका** लागि पैरवी गर्ने ।

उद्देश्य नं २ : सामुदायिक संघसंस्थाको अगुवाईमा स्थानीय तहमा **लैंगिक समानता र महिला सशक्तिकरणका लागि कार्ययोजना/रणनीती/नीति तयार तथा कार्यान्वयनका लागि** कार्य गर्ने/सहजीकरण गर्ने ।

उद्देश्य नं ३ः **हिंसा तथा द्वन्द्वबाट प्रभावित महिलाहरूको सामाजिक न्याय प्राप्त गर्ने अधिकार सुनिश्चितताका लागि** स्थानीय सेवा प्रदायक संस्थाहरूमा लैङ्गिंक संवेदनशिलताको विकास गरी_उपलब्ध सेवाको प्रभावकारीता र सुचनामा पहुँच बृद्धि तथा अन्य आवश्यक सहयोगी संयन्त्रको विकासका लागि स्थानीय तहसँग समन्वय र सहकार्य गर्ने ।

उद्देश्य ४ : स्**थानीय जनप्रतिनीधि महिलाको नेतृत्वदायी भुमिका प्रबर्द्धनका** लागि विषयगत दक्षता अभिबृद्धिका लागि सहजीकरण तथा **उनीहरूसँगको समन्वय र सहकार्यमा विभेदपुर्ण सामाजिक मूल्यमान्यता र यसबाट सिर्जित हानिकारक परम्परागत अभ्यास विरूद्धको अभियान सञ्चालन** गर्ने ।

**महिला हिंसा विरूद्धको अभियान अन्तर्गत सम्पन्न भएका मुख्य क्रियाकलापहरू**

**संयुक्त राष्ट्रसंघका महिला विरूद्धहुने हिंसाका विशेष प्रतिवेदकसंग राष्ट्रिय परामर्श सम्पन्न**




महिला अधिकारको आन्दोलनमा कार्यरत अधिकारकर्मीहरू, मधेशी समुदाय, अपाङ्गता भएका महिलाहरूको समूह, द्वन्द्वको समयमा यौन हिंसा बाट प्रभावित महिलाहरू, भूमिहिनको सवालमा काम गर्ने, सञ्चार क्षेत्रमा आवद्ध आदि महिला प्रतिनिधिहरूको उपस्थितीमा संयुक्त राष्ट्रसंघका महिला विरूद्ध हुने हिंसाका विशेष प्रतिवेदक Ms. Dubravka Simonovic राष्ट्रिय परामर्श सम्पन्न भएको छ । नेपालमा महिलाहरूको वर्तमान अवस्था विशेषगरि यौनहिंसा, घरेलु हिंसा, हानिकारक परम्परागत अभ्यास,महिला मानव अधिकार रक्षकहरूमाथिको चुनौतिका विषयमा छलफल गरिएको थियो ।

**महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन महासन्धीको छायाँ प्रतिवेदन तयारी**

ओरेक नेपालले महिला मानव अधिकार रक्षकहरूको समन्वयमा महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन महासन्धीको छायाँ प्रतिवेदन तयार गरि महिला विरूद्धको भेदभाव उन्मूलन समितिमा छायाँ प्रतिवेदन बुझाएको थियो । प्रतिवेदन तयारिका लागि ६०० भन्दा नागरिक समुदायका प्रतिनीधिहरूबिच परामर्श, ७ वटै प्रदेशहरूमा प्रदेशस्तरिय कार्याशाला तथा राष्ट्रिय स्तरमा प्रमाणीकरण कार्याशालाको आयोजना गरिएको थियो । २०१८ को अक्टोबर २२ र २३ मा जेनेभामा भएको समिक्षामा ओरेकका अध्यक्ष तथा कार्यक्रम संयोजकले संस्थाले उठाएका मुद्दाहरूप्रति सिड समितीको ध्यानाकर्षणका लागि मुद्दाकेन्द्रित प्रस्तुती गरेका थिए ।

**अन्तराष्ट्रिय संयन्त्र : आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार र महिला विरूद्ध भेदभाव उन्मूलन (सिड) समितिले नेपाल सरकारलाई दिएको निश्कर्ष सुझाव कार्यान्वयन सम्बन्धमा कार्याशाला**

संयुक्त राष्ट्रसङ्घीय आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय अनुबन्ध, १९६६, नेपालको तेस्रो आवधिक प्रतिवेदनको निष्कर्षात्मक सुझावहरूको कार्यान्वयन अवस्थाको विश्लेषण गर्न, नेपालको छैठौं आवधिक प्रतिवेदन उपर महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि अन्तर्गतको निश्कर्ष सुझावहरूका बारेमा सरोकारवालाहरूलाई जानकारी गराई यसको प्रभावकारी कार्यान्वयका लागि सरोकारवालाको भुमिका विषयमा छलफल गर्ने उद्देश्यका साथ ओरेक नेपालले म्याग्दी, कैलाली, बर्दियाँ, बाँके, सुनसरी, सिन्धुली, मकवानपुर लगायतका जिल्लाहरूमा कार्याशालाको आयोजना गरेको थियो । जसमा ४३९ जनाको सहभागीता रहेको थियो ।



**स्थानीय तहमा लैगिंक समानता नीति निर्माणका पैरवी तथा सहजीकरण**

स्थानीय तहलाई लैगिंक मैत्री बनाउन तथा संविधानमा भएको समानताको हकलाई स्थानीय तहदेखि व्यवहारतः कार्यान्वयन हुने वातावरण सिर्जनाका लागि ओरेक नेपालले लैगिंक समानता नीति तयार गरी लागु गर्न विभिन्न पैरवीमुलक कार्यक्रमहरु सञ्चालन गरेको छ । हालसम्म संस्थाले सुनसरी, मोरगं, उदयपुर, सिरहा, धनुषा, सिन्धुली, कैलाली दागं, रूकुम, बर्दिया, ओखलढुगां लगायतका १७ पालिकाहरूमा लैगिंक समानता नीति बनाउन सहजीकरण गरेको छ । उक्त नीतिको खाका तयार भई हाल पालिकाले यसैका आधारमा

सुचक तयार गरी कार्य गरिरहेका छन् ।

**महिला विरूद्ध हुने भेदभाव उन्मूलन महासन्धीको समितिले नेपाल सरकारलाई दिएको सुझावहरू कार्यान्वयका लागि पैरवी**

सिड समितिले नेपाल सरकारलाई दिएको सुझावहरूको कार्यान्वयका लागि कार्ययोजना बनाएर कार्य गर्न माग गर्दै, संस्थाले स्थानीय तहदेखि संघतहसम्म जनप्रतिनीधि, नागरिक समुदायका प्रतिनीधिहरु, पत्रकारहरु, महिला मानव अधिकार रक्षकहरु, विभिन्न मन्त्रालयका प्रतिनीधिहरूसँग सिड समितिले दिएको सुझावहरूका बारेमा छलफल तथा अन्तरक्रिया गर्दै आईरहेको छ ।

**सामुदायीक संघसंस्थाहरूको सवलीकरण**

महिला सामुदायीक संघसंस्थाहरूको सवलीकरणका लागि संस्थाले विभिन्न तालिम, अन्तरक्रिया तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्दै आएको छ । संस्थाको सहजीकरणमा सामुदायीक संघसंस्थाको नियमित नविकरण, अडिट भईरहेको छ । साथै १५ वटा सामुदायीक संघसंस्थाहरूले कार्ययोजना/रणनैतीक योजना बनाएको, पालिका र अन्य संघसंस्थासँग बजेट निकाशा गरि महिला सशक्तिकरण तथा सिपमूलक तालिम सञ्चालन गर्दै आएका छन् । राष्ट्रियपति महिला उत्थान कार्यक्रमबाट ३ वटा सामुदायीक संघस्थाले बजेट प्राप्त गरि कार्यगरिरहेका छन् ।

**बलात्कार विरूद्धको अभियान**

देशभर बलात्कार र बलात्कार पछि हत्या भएका घटनाहरु दिनप्रतिदिन कहाली लाग्दो अवस्थामा भईरहेको अवस्था, र बलात्कार जस्तो जघन्य अपराधका प्रभावितले न्याय नपाएको अवस्थामा ओरेक नेपाल र महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जालले संयुक्त रूपमा बलात्कार विरूद्धको अभियान सञ्चालन गरेको थियो । कञ्चनपुर कि १३ वर्षिया किशोरी निर्मला पन्तको बलात्कार पछि हत्या, महोत्तरी कि ९ महिना कि बालिकाको अपहरण पछि हत्या, सप्तरीमा किशोरीको बलात्कार पछि हत्या, सुनसरी कि सुस्त मनस्थिति भएकी २१ वर्षिय महिलाको सामुहिक बलात्कार, भोजपुरमा ११ वर्ष कि बालिकाको बलात्कार पछिको हत्या तथा त्यस्ता हत्या हिंसा भएको १ महिना भन्दा बढी समय बितिसक्दा पनि पुरा हुन नसकेको अनुसन्धान प्रक्रिया, अपराधीलाई फेला पार्न नसकेको स्थितिलाई केन्द्रमा राखि सरकारको ध्यानाकर्षण गर्न, दबावपूर्ण कार्य गर्दै बलात्कारको अन्त्य हुने वातावरण तथा प्रभावितले न्याय प्राप्त गर्ने वातावरण तयार गर्न माग सहित ७ वटै प्रदेशमा यो अभियान सञ्चालन गरिएको थियो ।




**सचेतना अभिवृद्धि**

संविधानतः सुनिश्चित भएको मौलिकहकहरूको (समानताको हक (धारा १८), महिलाको हक (धारा ३८), सामाजिक न्यायको हक (धारा ४२), देवानी तथा फौज्दारी संहितामा भएका कानुनी प्रावधान आदिका बारेमा महिला समुह, सामुदायिक संघसंस्था, युवा समुह, नागरिक समाज, संचारकर्मी आदिसंग सचेतना अभिबृद्धि तथा आम सचेतिकरण कार्यक्रम अर्न्तगत विषयगत अभिमुखीकरण वडाभेला, विद्यालय शिक्षा तथा घुम्तीगोष्ठि कार्यक्रम गरी यसबर्ष १९४ वटा अभिमुखीकरण दाङ, मोरङ, सिन्धुलि, काठमाडौ, भक्तपुर, ललितपुर, कैलालि, धनुषा, रूकुम, सिराहा, उदयपुर,सुनसरीमा सम्पन्न भएका छन् । जसमा ८८९५ जना महिला र ११८३ जना पुरूषहरु गरी १००७८ जनाले यस विषयमा जानकारी पाएका छन् । महिला अधिकारका सवाललाई स्थानीय स्तरमा रहेका समुह संस्था तथा संजालहरूलाई सचेतना अभिबृद्धि गर्दै सम्बन्धीत सवालको उठान र आम सचेतिकरण गर्ने उद्देश्यका साथ यस कार्यक्रम संचालन गरिएको थियो । यस कार्यक्रम अर्न्तगत लैंगिक विभेदमा आधारित हिंसा, यौनजन्य दुर्व्यवहार, घरेलु हिंसा कसुर तथा सजाएँ ऐन, दिगो विकाश लक्ष्य र महिला सशक्तिकरण संग सम्बन्धित विषयहरु पनि समेटिएका थिए ।

**अन्तरक्रिया तथा छलफल कार्यक्रम**

धनुषा, सिन्धुली, रूकुम, उदयपुर, मोरंग, सिन्धुली, ओखलढुंगा, दांग, सिराहा र सुनसरी, कैलाली, बर्दिया लगायतका जिल्लामा १३२ वटा सवाल केन्द्रित अर्न्तक्रिया र छलफल कार्यक्रमको आयोजना गरेको छ । जसमा ६३०९ महिला २०७६ पुरूष र ५ जना लैंगिक तथा यौनिक अल्पसंख्यक गरी ८३९० जनाको सहभागिता रहेको थियो । स्थानीय तहले लैंगिक संवेदनशील सेवा प्रवाहका लागि स्थानीय प्रहरी, कानुनी सेवा प्रदायक तथा अन्य सेवा प्रदायकहरूलाई संवेदनशील भई सेवा प्रवाह गर्न निर्देशन दिएको थियो भने स्वयं सेवा प्रदायकहरूले पनि सेवा प्रवाहमा संवेदनशीलता अपनाउने प्रतिवद्धता जनाएका थिए । त्यस्तैगरी हिंसा प्रभावित महिलाहरूलाई सेवा प्रवाहमा सहयोग गर्न सुरक्षा आवास निर्माण तथा संचालन तथा ओसिएमसी संचालनका लागि योजना बनाई रकम छुट्याएका छन् ।

**तालिम तथा क्षमता अभिबृद्धिः**

**लैंगिक समानता सम्बन्धी जनप्रतिनिधि तथा अन्य सरोकारवालाहरूसंग तालिम**

सिन्धुली, उदयपुर, ओखलढुंगा, वर्दिया कैलाली, सुनसरी, मोरंग, जनकपुर, सिराहा, दांग जिल्लामा ७३ वटा कार्यशाला गोष्ठि, तथा अर्न्तक्रिया कार्यक्रम र १७ वटा तालिम सम्पन्न भएको छ । जसमा १८०० भन्दा वढी जनप्रतिनिधिहरु, समुह संजालका पदाधिकारी स्थानीय महिला अधिकारकर्मी तथा अन्य सरोकारवालाहरूको उपस्थिति रहेको थियो । हालसम्म सिन्धुली कमलामाई नगरपालिका, कैलालीको घोडाघोडी र गौरिगंगा नगरपालिका मा लैगीक समानता नीति तयार भएको छ भने सुनकोशी, दुधौली, सिद्धिचरण, मानेभन्ज्याङ, मोलुङ, त्रियुगा, बेलका, कटारी, चौदण्डीगढी, गुलरिया, बढैयाताल, कोशि, दुहवी,




बरहाक्षेत्र, लगायतका नगरपालिकाको लैंगिक समानता नीतिको खाका तयार भई हाल नगरपालिकाले यसैका आधारमा सुचक तयार गरी कार्य गरिरहेका छन् । तालिममा गाउँपालिका, नगरपालिकाका प्रमुख, उपप्रमुखहरू, न्यायिक समितिका सदस्य, कानुनी सल्लाहकार, महिला मानव अधिकार रक्षकहरू, महिला समुह तथा संजालका सदस्यहरू सहित १२४६ महिला ४३४ पुरूष गरी १६८० जनाको सहभागिता रहेको थियो ।

## पैरवी तालिम

पैरवी सम्बन्धी अवधारणागत स्पष्टता, पैरवी सीप तथा दक्षता अभिबृद्धि गर्नुका साथै नेतृत्व विकास गर्ने उद्देश्यले सिन्धुली, सुनसरी, बर्दिया र कैलाली, काठमाण्डौं मा कुल १२२ जना युवा तथा किशोरी महिलाहरूलाई पैरवी तालिमको आयोजना गरिएको थियो ।

## हिंसा तथा द्वन्द्वबाट प्रभावित महिलाहरूको सामाजिक न्याय प्राप्त गर्ने अधिकार सुनिश्चितताका माग सहित सम्पन्न भएका कार्यक्रमहरू

द्वन्द्व प्रभावित महिलाहरूको सामाजिक न्याय र परिपूरणका लागि प्रदेशस्तरीय सुनुवाई कार्यक्रम सम्पन्न भएको छ । २०० जना भन्दा वढी द्वन्द्व प्रभावित तथा सरोकारवालाहरूको उपस्थितीमा ११ बुँदे मागपत्र तयार गरि प्रभावितहरूले प्रदेश नम्बर ६ का मुख्य मन्त्रि माननिय श्री महेन्द्र बहादुर शाहीज्युलाई हस्तान्तरण गरेका थियो ।

## फैसला कार्यान्वयन सम्बन्धी कार्याशाला:



लैङ्गिक न्याय र फैसला कार्यान्वयनको अवस्था मोरङ्ग, सुनसरी, उदयपुर, कैलाली, दाङ्ग, धनुषा र सिराहा र काठमाण्डौं मा गरी ७ वटा सम्पन्न भएको छ । कार्यक्रममा २८० जना सरोकारवाला तथा हिंसा प्रभावितहरूको सहभागिता रहेको थियो । प्रभावित महिलाहरूले कानुनी रूपमा प्राप्त गरेका अधिकारलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्न नपाएको अवस्थालाई मध्यनजर गर्दै स्थानीय सरोकारवालाहरूको ध्यानाकर्षण गर्ने उद्देश्यका साथ यस कार्यक्रमको आयोजना गरिएको थियो ।

## महिला हिंसा विरूद्धको बर्ष पुस्तक "अन्वेषी" लोकार्पण

महिला हिंसा विरूद्धको १६ दिने अभियानको अवसरमा नोभेम्बर २५,




२०१८ मा महिला हिंसा विरूद्धको वर्ष पुस्तक "अन्वेषी" २०७५ को लोकार्पण राष्ट्रिय मानव अधिकार आयोगका माननिय अध्यक्ष श्री अनुपराज शर्मा, लगायत अन्य अतिथिहरूले गर्नुभएको थियो ।

## शहिद महिला अधिकारकर्मीहरूको सम्फनामा दिप प्रज्वलन कार्यक्रम

अन्तराष्ट्रिय महिला सहिद दिवसको अवसरमा देश, समानता र अधिकारका लागि लड्दा लड्दै ज्यान आहुती दिने सबै ज्ञात अज्ञात सहिदहरूको सम्फनामा ओरेकका केन्द्रिय, शाखा तथा परियोजना कार्यालय मा दीप प्रज्वलन कार्यक्रमको आयोजना गरिएको थियो ।

## हानिकारक परम्परागत अभ्यास विरूद्धको अभियान

महिलाविरूद्धको हिंसा संरचनागत विभेदको परिणाम हो । यसको अन्त्यका लागि "संरचनागत असमानताबाट सिर्जित भेदभावको अन्तरनिहित कारणहरूको" सम्बोधन हुने वातावरण निर्माणका लागि स्थानीय देखि संघस्तरसम्म हानिकारक परम्परागत अभ्यासविरूद्धको अभियान सञ्चालन गर्दै आएको छ । समुदायमा आम सचेतिकरणका लागि धार्मिक अगुवा, युवा, किशोरी, सञ्चारमाध्यमसँग समन्वयमा विभिन्न अभियान सञ्चालन गर्दै आएको छ ।

## हिंसा प्रभावितलाई सुरक्षा आवासबाट प्रदान गरिएको सहयोगः

| विवरण | उदयपुर | मोरङ्ग | दाङ्ग | कैलाली | धनुषा | काठमाण्डौ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| सुरक्षा आवास सेवा | ८५ | ५७ | ९० | ३९ | १०१ | १८ | ३९० |
| मनोविमर्श सेवा | ७३ | ३४ | ४७ | ३१ | ८१ | १९ | २८५ |
| कानुनी परामर्श | ७३ | २४ | ५९ | ३९ | ८१ | १९ | २९५ |
| कानुनी सहयोग | ३८ | १० | २३ | १७ | १६ | २९ | १२३ |
| स्वास्थ्य उपचार सेवा | ५७ | ५ | ६ | १७ | १५ | ७ | १५७ |

## राष्ट्रिय योजना आयोगले तयार गर्दै गरेको पन्ध्रौ योजनामा(आर्थिक वर्ष २०७६/०७७-२०८०/०८१) सुझावहरू प्रदान

१५ औं पच्चवर्षिय योजनामा लैगिंक समानता, लैगिंक सशक्तिकणका लागि संस्थाले लिखित सुझाव पेश गरेको थियो । जुन १५ औं पच्चवर्षिय योजनामा समावेश भएको छ ।



**लैंगिक हिंसा विरूद्ध बहु आयामिक सेवा विषयक कार्यशाला गोष्ठि सम्पन्न**

लैंगिक विभेदमा आधारित हिंसा प्रभावितहरूलाई अत्यावश्यकीय सेवामा पहुँच अभिबृद्धि गर्दै सरोकारवालाहरूको ध्यानाकर्षण गराउने उद्देश्यका साथ महिला पुनस्थापना केन्द्र ओरेक, महिला वालवालिका तथा जेष्ठ नागरिक मन्त्रालय र संयुक्त राष्ट्रसंघीय कार्यक्रमको संयुक्त आयोजनामा ३ दिने राष्ट्रिय कार्यशाला गोष्ठि काठमाण्डौमा सम्पन्न भएको थियो । जसमा सातवटै प्रदेशका सामाजिक विकाश मन्त्रालयका स्वाथ्य तथा महिला वालवालिका तथा जेष्ठ नागरिक शाखाका प्रमुख तथा प्रतिनिधि, एकद्धारसंकट व्यवस्थापन केन्द्रका प्रमुख तथा प्रतिनिधि, नेपाल प्रहरी, कानुनी सहायता केन्द्र, वार एशोसिएसन,लगायतका सेवा प्रदायकहरु तथा केन्द्रका सरोकारवाला मन्त्रालय विभाग आयोग तथा अन्य लैंगिक हिंसाका क्षेत्रमा कार्यरत संघसंस्थाका प्रतिनिधिहरु सहित १३० जनाको सहभागिता रहेको थियो ।

**वारा तथा पर्सामा आएको हावाहुरीबाट प्रभावितहरूका लागि मनोविमर्श सेवा तथा सचेतनामुलक कार्यक्रम प्रदान**

आँधीबाट प्रभावित महिला तथा वालवालिकाहरूलाई सेवा प्रदान गर्ने उद्देश्यले आँधी प्रभाति क्षेत्रहरु फेटा गाउँपालिकाको भलुवा भलुवही, परवानीपुरको चैनपुर, देवतालको रामपुर्वा तथा सुवर्ण गाउँपालिकाको हर्दियामा स्थानीय गाउँपालिका तथा स्वास्थ्य संस्था संगको समन्वयमा २ महिनासम्म सूचना तथा मनोसामाजिक परामर्श सहायता स्थल संचालन गरेको थियो । उक्त केन्द्रबाट २ महिनाको अवधिमा १०४ जनाले व्यक्तिगत मनोविमर्श, ६४८ जनाले सामुहिक परामर्श तथा १३७५ लाई प्राथमिक मनोसामाजिक सेवा प्रदान गरेको थियो ।



कार्यक्रम मार्फत २९००० भन्दाबढीले रेडियो कार्यक्रम, घरदैलो र अभिमुखीकरण मार्फत(लैंगिक विभेदमा आधारित हिंसा, वेचविखन, प्रजनन स्वास्थ्य, वालविवाहका असर जस्ता विषयमा)सुचना तथा जानकारी प्राप्त गरेका थिए ।

**उपलब्धीहरू**

- लैगिंक समानता, महिलाहरूको नेतृत्व र निर्णायक भुमिका बृद्धि गर्न, महिला सामुदायीक संस्था, फेडेरेशनहरु तथा विभिन्न युवा, महिला सञ्जालहरूले स्थानीय तहमा कार्ययोजना बनाई स्थानीय तहको स्रोतहरुमा पहुँच विस्तार गरि कार्य गरिरहेको ।
- स्थानीय तहका सवालहरूलाई सिडको छायाँ प्रतिवेदन, महिला हिंसा विरूद्धको विशेष प्रतिवेदकसँग परामर्श, मानव अधिकार रक्षकहरूको विशेष प्रतिवेदकसँग परामर्श तथा लिखित सुझावहरु मार्फत,र Beijing+25 समिक्षा तथा प्रतिवेदन मार्फत प्रदेश, संघ तथा अन्तराष्ट्रिय स्तरसम्म पैरवी गर्न सफल

- संस्था कार्यरत जिल्लाका स्थानीय तहमा लैगिंक समानता सम्बन्धी नीतिहरु तयार भई कार्यान्वयन भईरहेको छ भने केहि पालिकाहरुमा मस्यौदा तयार भई छलफलको क्रममा रहेको छ ।
- विभिन्न मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय स्तरबाट आएका सुझावहरु : दिगो विकास लक्ष्य, महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन महासन्धी तथा आर्थिक, सामाजिक तथा सांस्कृति अधिकार सम्बन्धी महासन्धीले दिएको निष्कर्ष सुझावहरुको कार्यान्वयन तथा स्थानीयकरणका लागि सहजीकरण गर्न सफल ।
- पालिकाहरुहरुले लैगिंक समानता, हिंसा प्रभावितहरुको सहयोगी संयन्त्र निर्माण, तथा न्यायँमा पहुँच बृद्धि गर्न बजेट बिनियोजन गरी संस्थासँग सहकार्यमा काम गरिरहेको छ । सुरक्षित आवासमा ९ लाख, महिला सशक्तिकरण सम्बन्धी कार्यक्रम सञ्चालनका लागि २५ लाख ५० हजार, मनोविमर्श सेवा प्रदानका लागि २ लाख, युवा सुचना केन्द्र सञ्चालका लागि ६ लाख १८ हजार, घुम्ती गोष्ठि सञ्चालका लागि ५० हजार, र सामुदायीक संघसंस्थाहरुको नेतृत्व विकासका लागि ५० हजार बजेट बिनियोजना गरेको छ ।
- नेपाल प्रहरी, सरकारी वकिल तथा न्यायिक समितिलाई दिईएको तालिम पश्चात समुदाय तथा विद्यालयमा गई लैंगिक समानता र लैंगिक हिंसाका बारेमा सचेतिकरण कार्यक्रमहरु संचालन गरिरहेका छन् ।
- तालिम लिएका मध्ये ६० प्रतिशत प्रहरीहरुको व्यक्तिगत व्यवहारमा पनि परिवर्तन आएको हाल घरपरिवारमा बच्चा हेर्ने र अन्य घरायसी काममा पनि सहयोग गर्ने गरेको साथै तराई समुदायका प्रहरीले आफ्नो परिवारमा रहेको घुम्टो प्रथालाई हटाएका छन् ।
- स्थानिय तहको पालिका तथा वडा र प्रहरी कार्यालयको समन्वय तथा सहकार्यमा बाल बिवाह, दाईजो बिरुद्धको अभियान संचालन भएको छ ।
- संस्थावाट प्रदान गरिएका जिवनोपयोगी सीप तथा प्राविधिक शिक्षामा सहयोगको कारण विपन्न तथा हिंसा प्रभावित महिलाहरुको पुनर्स्थापना तथा जिविकोपार्जनमा सहयोग भएको । ३९० जना महिलालाई सुरक्षित आवासको सेवा, २८५ जनालाई मनोविमर्श सेवा, २९५ जनालाई कानुनी परामर्श, १२३ जनालाई कानुनी सहयोग, १५ जनालाई व्ठ शिक्षा, र ३३८ जनालाई पारिवारिक पुनर्स्थापना गरिएको छ ।
- बारा तथा पर्सामा आएको हावाहुरीबाट प्रभावितमध्ये १०४ जनालाई व्यक्तिगत मनोविमर्श, ६४८ जनाले सामुहिक परामर्श तथा १३७५ लाई प्राथमिक मनोसामाजिक सेवा प्रदान गरिएको छ । त्यसैगरी यस कार्यक्रम मार्फत २९००० जनाभन्दा बढीलाई लैगिंक हिंसा, मानव बेचबिखन तथा प्रजनन् स्वास्थ्यसँग सम्बन्धीत विषयमा सुचनाहरु प्रदान गर्न सफल ।

## ४) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अभियान

**अभियानको उद्देश्यहरूः**

- संयुक्त राष्ट्र संघ, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको समितिले कार्यान्वयका लागि नेपाल सरकारलाई दिएको निष्कर्ष सुझावको (स्वास्थ्यको अधिकार, लैगिक समानता, कामको मान्यता र खाद्य अधिकार) मध्यावधिक मूल्यांकनमा देखिएको अन्तर को प्रभावकारी कार्यान्वयनका लागि पैरवी गर्ने ।
- दिगो विकास लक्ष्य १,२, ३, ५, ८ र १६ को स्थानियकरणका लागि सुचकाङ्क तयार र कार्यान्वयनका लागि पैरवी गर्ने ।
- संगठित सञ्जालहरूको सवलीकरण गर्दै उनीहरूको अगुवाईमा महिलाको पुर्ण स्वास्थ्यको लागि अनुकुल बातावरण तयार गर्न सहजीकरण तथा नीतिगत व्यवस्थाको लागि पैरवी गर्ने ।
- महिलाको कामको मान्यता (उत्पादन र पुनःउत्पादन लगायत) र श्रोतमा पहुँच बढाउनको लागि सबै तहमा पैरवी गर्ने ।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अभियान अन्तर्गत सम्पन्न भएका मुख्य क्रियाकलापहरू

### १. महिला स्वास्थ्य अधिकार कार्यक्रम



महिला स्वास्थ्य अधिकारलाई सुनिश्चित गराउँदै स्वस्थ्य महिलापनको प्रवर्द्धनका लागि यस वर्ष सिराहा, उदयपुर, रूकुम र दाङ् जिल्लामा प्रत्यक्ष रूपमा महिला सामुदायिक संस्थाहरूको अगुवाईमा कार्यक्रम सञ्चालन हुँदै आइरहेको छ भने अन्य जिल्लाहरूमा महिला स्वास्थ्य अधिकारलाई स्थापित गर्न, समुदायमा आधारित सूचना तथा सचेतनाका कार्यक्रमहरू संचालन गरिरहेको छ । त्यसैगरी संस्थाले महिलाको स्वास्थ्यलाई महिलामुखी दृष्टिकोणबाट नियाल्दै, त्यसको कारण र परिणामको बारेमा विश्लेषण गरी स्वास्थ्य सम्बन्धी समुदायमा भएका स्थानीय ज्ञान र सीपको माध्यमबाट महिलाको समग्र स्वास्थ्य समस्या समाधानका लागि सचेतना तथा पैरवीका कार्यक्रमहरू गरिरहेको छ ।

त्यसैगरी संस्थाले हाल महिला स्वास्थ्य अधिकारका सवालहरु विशेषगरी प्रजनन् स्वास्थ्य समस्या (आङ् खस्ने, पाठेघरको मुखको क्यान्सर, यौनजन्य संक्रमण, फिस्टुला इत्यादि), मानसिक तनावका

कारण महिलाहरूमा देखिएको अनिद्रा, डिप्रेसन, बढ्दै गएको आत्महत्या, छिटो विवाह वा वालविवाहका कारण महिला तथा किशोरीहरू थप स्वास्थ्य समस्या भोग्न बाध्य पारिएका सवालहरूमा सचेतनामूलक तथा पैरवीमुलक कार्यक्रम सञ्चालन गरेको छ ।

## २. महिला स्वास्थ्य मेला

यस वर्ष उदयपुर, दाङ्, रूकुम र सिरहा जिल्लाका विभिन्न नगरपालिका तथा गाउँपालिकामा १० वटा महिला स्वास्थ्य मेला सम्पन्न भएको छ । महिला स्वास्थ्य मेला (शिविर) मा तल्लो पेट दुख्ने, सेतो पानी बग्ने र आङ् खसेकाहरूका लागि निशुल्क रूपमा दिइने सेवाका बारेमा जानकारी साथै हाम्रो सामाजिक संरचना, महिलालाई गर्ने व्यवहार, महिलाले गर्नुपर्ने काम, महिलाहरूको रहन सहन र पारिवारिक पृष्ठभूमिमा महिलाको भूमिकाको विषयमा महिलाहरूलाई विभिन्न ठाउँमा अभिमुखीकरण सञ्चालन गरिएको थियो । सोही अवसरमा महिला स्वास्थ्य परामर्श सेवा, मनोविमर्श सेवा साथै जडिबुटी संम्बन्धी जानकारी समेत दिइएको थियो । यस्ता स्वास्थ्य मेलाबाट १३३३ जना व्यक्तिहरूले स्वास्थ्य उपचार तथा परामर्शका साथै सूचना पाएका थिए । जसमा २२१ जना महिलाको आङ् खस्ने समस्या भएको पाईएको थियो ।

## ३. महिला स्वास्थ्य परामर्श केन्द्र तथा मनोविमर्श केन्द्र संचालन

ग्रामीण भेगका महिलाहरू अहिले पनि स्वास्थ्य सेवाको पहुंच भन्दा बाहिर भएको अवस्थालाई ध्यानमा राखि महिलाको स्वास्थ्य समस्यालाई खुलेर कुरा गर्ने थलोको रूपमा संस्थाले महिला स्वास्थ्य परामर्श केन्द्रको स्थापना गरी सेवा प्रवाह गर्दै आएको छ । दाङ् जिल्लामा भएको १० वटा महिला स्वास्थ्य परामर्श केन्द्र स्थानिय तहलाई जिम्मेवार बनाउन तथा महिलाहरूलाई स्वास्थ्यसेवा प्रदान गर्ने दायित्व राज्यको हो भन्ने कुरालाई ध्यानमा राखि स्थानीय स्वास्थ्य संस्थाका कर्मचारीहरूलाई क्षमता अभिवृद्धि गरी केन्द्र हस्तान्तरण गरिएको छ । अहिलेको परिवेशमा महिला स्वतस्फुर्तः परामर्श सेवा लिन तथा आफनो समस्या भन्न स्वास्थ्य कार्यालयमा जान थालेका छन् । त्यसैगरी काठमाण्डौ ललितपुर तथा उदयपुर जिल्लाका ४ वटा नगरपालिकाहरूमा वडा कार्यालयको सहकार्यमा क्रमशः गोदावरी नगरपालिका १४ ठैव, टोखा ४ धापासी तथा तारकेश्वर १० मनमैजुमा ३ वटा त्रियुगा नपामा ३ वटा मनोविमर्श तथा महिला स्वास्थ्य परामर्श केन्द्र संचालन भैरहेका छन् ।

## ४. सामुदायिक स्वास्थ्य क्लिनिक सञ्चालन

सामुदायिक स्वास्थ्य क्लिनिक विशेषगरी स्वास्थ्यसेवाको पहुँचबाट बाहिर भएका महिला तथा किशोरकिशोरीहरूका लागि आवश्यकता अनुसारका स्वास्थ्य सेवा तथा परामर्श सेवा प्रदान गर्ने थलो हो । जहाँ महिला किशोर किशोरी तथा पुरूषहरूलाइ २४ घण्टा सेवा प्रदान गर्नुको साथै परामर्श सेवा सन्चालन गर्नु र विशेषगरी महिलाहरूको स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गरी स्वास्थ्य समस्याको उपचार प्रदान गरिदैं आएको छ । यस सामुदायिक स्वास्थ्य क्लिनिक मार्फत समुदायका मानिसहरूलाई प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक र पुनः स्थानात्मक सेवा प्रदान गर्दै विभिन्न गतिविधिहरू सम्पन्न

भएका छन् । हाल उदयपुर र दाङ्ग जिल्लामा यो क्लिनिक सन्चालन भईरहेको छ । क्लिनिकबाट यस बर्ष महिला १५६९, पुरुष ५३८ गरि जम्मा २१०७ जनाले बिबिध सेवाहरु प्राप्त गरेका छन् ।

**५. किशोरकिशोरी मैत्री यौन तथा प्रजनन् स्वास्थ्य सेवाको लागि साथी सहयोग विकास (अनुसन्धान)**

नेपालमा किशोर किशोरीहरुमा यौन तथा प्रजनन् स्वास्थ्यको बारेमा आवश्यकता अनुसारको सेवा, सूचना र शिक्षाको पहुँचमा कमीको कारणले गर्दा विभिन्न किसिमका स्वास्थ्य समस्याहरु भोग्नु पर्ने वाध्यता रहेको छ । किशोर किशोरी मैत्री स्वास्थ्य संस्था नहुनु, परिवारमा उक्त समस्यालाई भन्ने वातावरण नहुनु उचित यौन शिक्षा नपाउनुका कारण किशोर किशोरीहरु दिनानुदिन विभिन्न किसिमका हिंसा तथा जोखिमहरु भोग्न बाध्य पारिएका छन् । यसै समस्यालाई मध्यनजर गरी संस्थाले किशोरकिशोरीहरुको यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी जानकारी र सेवामा पहुँच बढाउन साथै यौन तथा प्रजनन् स्वास्थ्य अध्यापनको लागि नयाँ शैली विकास गर्ने मुख्य उद्देश्यले "**किशोरकिशोरीमैत्री यौन तथा प्रजनन् स्वास्थ्य सेवाको लागि साथी सहयोग विकास"** शिर्षकको अनुसन्धान गरिरहेको छ । यो अनुसन्धान नुवाकोट र रसुवाजिल्लाको १०/१० वटा विद्यालयमा सञ्चालन भईरहेको छ । जसमध्ये ५/५ वटा विद्यालयमा कार्यक्रम सञ्चालन गरी तुलानात्मक रूपमा के कस्तो प्रगति रह्यो भनेर विश्लेषण गरी विश्लेषणात्मक प्रतिवेदन सरोकारवाला समक्ष प्रस्तुत गर्ने तथा अनुसन्धानबाट आएका तथ्यलाई आधार मानी किशोर किशोरीहरुका लागि कार्यक्रम निर्माण गरिनेछ ।

**६. सीमान्तकृत जीवन, स्रोत र साधनको कमि भएको क्षेत्रमा बाझोपन निसन्तान र स्वास्थ्य सेवाको खोजी (अनुसन्धान):**

हाम्रो समाजमा रहेको महिलालाई हेर्ने विभेदकारी दृष्टिकोणका कारण निसन्तान तथा बाझोपनलाई महिलाको शारीरीक कमजोरीको रुपमा हेर्ने गरिन्छ । यसको यथार्थता तथा वास्तविकता पत्ता लगाउनु भन्दा पनि यसलाई नै आधार वनाएर महिलामाथि विभिन्न हिंसाका घटनाहरु हुने गरेका छन् । यसै सन्दर्भमा महिला पुनस्थापना केन्द्र ओरेकले निसन्तान तथा वाँझोपनको कारण, अवस्था र स्वास्थ्य सेवाको खोजीको बारे महिला र उनीहरुको श्रीमानको धारणा बुझी यस सम्बन्धि स्वास्थ्य निति निर्माणमा सहयोग गर्ने मुख्य उद्देश्यले "**सिमान्तकृत जीवन, स्रोत र साधनको कमि भएको क्षेत्रमा बाझोपन निसन्तान र स्वास्थ्य सेवाको खोजी"** शिर्षकको अनुसन्धान दाङ्ग र उदयपुर जिल्लामा गरिरहेको छ । यस अनुसन्धान अवधि मे २०१८ देखि डिसेम्बर २०१९ सम्म रहेको छ । यस अनुसन्धानबाट आएका तथ्यका आधारमा आगामी वर्षमा समुदायस्तर देखि राष्ट्रिय स्तरसम्मको पैरवीमुलक गतिविधिहरु संचालन गर्ने संस्थाको लक्ष्य रहेको छ ।

## महिलाको गतिशीलताको अधिकार तथा सुरक्षित स्थानागमन कार्यक्रम

श्रम गर्न पाउनु, गरेको श्रमको सही मूल्यांकन सहित त्यसको सम्मान हुनु मानव अधिकार हो । वैदेशिक रोजगारमा जाने महिलाहरूले आर्थिक,




सामाजिक, शारीरिक एवम् मानसिक शोषण तथा यातना दिनहुँजसो भोग्नु परेको छ । जसअन्तर्गत पारिवारिक विखण्डन, बालबालिका तथा वृद्धवृद्धाहरूको आवश्यक स्याहारसुसारमा कमी, सम्बन्ध विच्छेदका घटनाहरूमा बढोत्तरी, विप्रेषणलाई उत्पादनमूलक कार्यमा लगानी नगरिनु लगायतका समस्या पर्दछन् । यस संस्थाले महिलाको गतिशिलता, मर्यादित काम र सुरक्षित स्थानागमन कार्यक्रम अन्तर्गत विशेष गरी सूचना प्रवाह, क्षमता अभिवृद्धि तथा समूह गठन, तथ्यमा आधारित वकालत तथा पैरवी, समस्यामा परेका महिला कामदार हरूको न्यायमा पहुँच र वैकल्पिक जीविकोपार्जनमा सहयोग गर्दै आइरहेको छ ।

### १. सुचना तथा सचेतना मूलक कार्यक्रमहरू

वैदेशिक रोजगारमा जान चाहनेहरूका लागि रोजगार सूचना केन्द्र तथा अन्य केन्द्रहरूबाट वैदेशिक रोजगारी सम्बन्धी विषयमा जानकारीमूलक विभिन्न गतिविधिहरू सञ्चालन भएका थिए । उक्त व्यक्तिहरूलई वैदेशिक रोजगारमा हुनसक्ने सम्भावित जोखिमलाई न्यूनीकरण गर्न जानकारीमूलक पर्चा, पम्प्लेट वितरण, होर्डिङ्ग बोर्डबाट जानकारी साथै घरदैलो , बिद्यालय शिक्षा, समूह छलफल कार्यक्रम मार्फत व्यक्तिगत सूचना तथा परामर्श प्रदान गरिएको छ । पहिचान भएका सम्भावित र वैदेशिक रोजगारबाट फर्केका महिलाहरूसँग भेटघाट तथा घरदैलो तथा बिषयगत तालिम, वैदेशिक रोजगारबाट फर्किएर आएकाहरूसँग गरिएको छलफल लगायतका कार्यक्रमहरु गरिएका छन् ।

### २. लैगिंक समानता र महिलाको मर्यादित काम र गतिशिलता तालिम

लैंगिक समानता र महिलाको मर्यादित काम र गतिशिलता बारे दुई दिने तालिम मोरंगमा २ पटक सञ्चालन भएको छ । तालिममा समाजमा हुने लैंगिक बिभेद र यसका कारण महिला माथि हुने हिंसा अन्त्य गर्न महिलाको घरेलु काम लगाएत सेवा मूलका कामको रुपमा रहेका कामहरुलाई मर्यादित कामको रुपमा स्थापित गर्ने । यसका लागि समाजमा कामको आधारमा महिला र पुरुषको भूमिका परिवर्तन गर्ने खालका सोच तथा व्यवहारहरुको प्रवर्द्धन गर्ने कार्यक्रमहरु संचालन हुनुपर्ने छलफल भएको थियो । कार्यक्रममा ४६ जना महिला तथा ६ जना पुरुषहरू गरी ५२ जनाको सहभागिता रहेको थियो । यसैगरी आइएलओ महासन्धी सि १८९ अनुमोदनका लागि पैरवीमुलक तथा सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

### ३. श्रम ऐनको व्यवस्था तथा कार्यान्वयन सम्बन्धि छलफल

श्रम ऐन २०७४ लाई स्थानिय तहमा लागू गराउनका लागि समुदायमा त्यस सम्बन्धी सुचना तथा सचेतनाका कार्यक्रमहरु संचालन गरिएको

छ । यसै गरि स्थानिय स्तरमा यस ऐनको कार्यान्वयन सम्बन्धि जिल्ला स्तरीय छलफल कार्यक्रम २ पटक सञ्चालन भएको छ । जसमा १७०५ जना महिला तथा ९९९ जना पुरुषहरू गरी २७०४ जनाको सहभागिता रहेको थियो । यस सम्बन्धमा महिलाको घरेलु कामको पहिचान बारे १ दिने छलफल, दाङमा श्रम ऐन २०७४ बारे १ दिने अभिमुखिकरण सम्पन्न भएको छ । स्थानिय निकायमा संभावित रोजगारीहरूको पहिचान, रोजगारदाताहरूसँग छलफल, समन्वय तथा रोजगारीको खोजीमा रहेका व्यक्तिहरूको पहिचान गरी रोजगार प्रदायक संस्थाहरू र रोजगारीको खोजीमा रहेका व्यक्तिहरूसँग सहजीकरणको काम समेत गरिएको छ ।

### ४. अन्तराष्ट्रिय स्तरमा समन्वय र सञ्जाल विस्तार

वैदेशिक रोजगारीमा जान सरकारले महिलालाई बिभिन्न बाहानामा लगाउने बन्देज र आप्रवासी श्रमिक महिलाको मानव अधिकार उल्लंघन विरूद्ध त्रिपक्षीय सरोकारवालाहरु (सरकार, गैह्र सरकारी र रोजदारदाता) को छलफल गरिएको छ । यसलाई समाधान गर्न हामीसँग रहेको अवसर र सरकार, गैह्र सरकारी र रोजदारदाताहरूले अबका दिनमा कसरी ा मगर्ने भन्नेबारेमा ओरेकले १० बुँदे सुझाव सहित राष्ट्रिय कार्ययोजनामा प्रस्तुत गरेको छ । त्यस्तै, गन्तव्य मुलुक जोर्डनमा, वैदेशिक रोजगारमा जाने श्रमिकको अधिकारको बारेमा छलफल कार्यक्रममा ओरेकको पनि सहभागिता रहेको थियो जसमा ओरेकाले नेपालमा भएको महिला आन्दोलनको बारेमा विस्तृत प्रस्तुति गरेको थियो । त्यस्तै, अन्तरपुस्ता संवाद बारेमा फिलिपिन्समा भएको कार्यक्रममा सहभागिहरूले आफूसँग भएको सीप, ज्ञान कसरी एक पुस्ताले अर्को पुस्तामा हस्तान्तरण गर्ने भनि छलफल गरेका थिए । सोही कार्यक्रममा जलवायु परिवर्तन र आप्रवासनको सम्बन्धबारे समेत छलफल भएको थियो ।

## दिगो जिविकोपार्जन कार्यक्रम

### १. आम सचेतिकरण कार्यक्रम

समाजमा विद्यमान विभेदपूर्ण संरचना, हिंसा र श्रोतको अव्यवस्थित प्रयोगले गर्दा गरिवी भोकमरी व्यापकता जतातते भयाभव रूपमा रहेको छ । यसको साथ साथै कृषि बालिको रैथाने जातहरु मासिदै आइरहेको छ । पशु चौपाय।मा संक्रामक रोगहरु व्यापक भई साना किसानलाई जिवनयापनगर्न एकदमै कठिनाइ भइरहेको अवस्था छ । ओरेक नेपालले यस्तै समस्याहरु र चुनौतिलाई राम्ररी आँकलन गरी दिगो जिविकोपार्जन कार्यक्रम_मार्फत सघन जैविक खेती प्रणालीको अवधारणालाई जोडका साथ जिल्लामा लागू गर्न प्रयासरत रहेको छ । सवै खालको खाद्यन्न उत्पादनले साना, बिपन्न तथा सिमान्तकृत किसानहरूमा जोखिम पक्ष बढी हुने हुँदा किसानको दिगो जिविकोपार्जन गर्न सघन वाली प्रणाली बहु उपयोगी रहेको सावित भएको छ । साथ साथै ओरेक नेपालले श्रोत साधन प्रविधि र ज्ञ।नलाई जोड दिदै पौष्टिक र स्वास्थ्यकर खाद्यउत्पादन प्रशोधन र प्रयोगमा विशेष प्राथमिकता दिंदै आइरहेको छ । ओरेक नेपालले समय समयमा स्थानिय तह तथा निकायहरूको सहकार्यमा पशु घुम्ती सिविर, कृषि मेला पनि संचालन गर्ने गरेको छ । यसैगरि कृषकहरूको भेला गराई जलबायु परिवर्तनले दिगो जिविको पार्जन र महिलाको

स्वास्थ्यमा परेको प्रभाव विरूद्ध समुदायले अपनाएका अनुकुलनको रणनितिहरूलाई अभिलेखिकरण पनि गर्ने गरेको छ ।

संस्थाले बिषयगत अभिमुखिकरण, कृषकहरूको घरदैलो भेटघाट तथा समूहगत रूपमा छलफल गरी आम सचेतिकरण गर्ने कार्यहरु गर्दै आईरहेको छ र यसबर्ष क्रमशः २७२०, ११३५ र २२७० जना लाभान्वित भएका थिए ।

जिल्लागत रूपमा यस अभियानलाई सघाउ पुऱ्याउन बिभिन्न कार्यक्रमहरु गरिएका थिए, जुन तलका तालिकामा प्रस्तुत् गरिएको छ ।

## २. महिला उद्यमशिलता तथा क्षमता अभिवृद्धि सम्वन्धि गतिविधिहरू :

। हिंसा प्रभावित महिला, विपन्न समुदायका महिलाको स्थिति अरु सामान्य महिलाहरूको भन्दा पनि दयनिय रूपमा रहेकोले समुदायमा महिलाको आर्थिक सशक्तिकरणका गतिविधिहरूको आवश्यकता अपरिहार्य रहेको छ । यस किसिमका सीप तथा व्यवसायिकमूलक तालिमहरूले सम्पत्ति माथि महिलाहरूको अधिकार, रोजगारीको अधिकार लगाएत स्थानिय तहका योजना र बजेट तर्जुमामा महिलाको सवालहरु समेटिने तथा श्रोत साधनहरुमा पहुँच बढाई आर्थिक रूपमा शसक्त र सबल बनाउन सहयोग पुऱ्याइरहेको हुन्छ । यसैले संस्थाले महिलाहरूको उद्यमशिलता बिकासका लागि स्थानिय तह तथा सरोकारवाला निकायहरूको समन्वय तथा सहकार्यमा ज्ञान तथा सीप मूलक तालिमहरु संचालन गर्ने गर्दछ । यस बर्ष संस्थाले यस्ता बिभिन्न किसिमका तालिमहरु संचालन गरि समुदायका ७२९ जनाको सीप तथा क्षमता अभिबृद्धिमा सहयोग गरेको छ । जसमा ४२२ महिलाहरु प्रतक्ष्य रूपमा सहभागि भएका थिए ।

## ३. प्राबिधिक कक्षा संचालन

समुदायका विपन्न तथा हिंसा प्रभावित महिलाहरूको सामाजिक सशक्तिकरण तथा दिगो जिविकोपार्जनमा सहयोग पुऱ्याउने उद्देश्यले ओरेक नेपालले शाखा कार्यालय उदयपुरमा बिभिन्न प्रकारका सीप बिकास लगाएतका व्यवसायिक तालिम, सामुदायिक पशु पालन सहायक , सामुदायिक कृषि सहायक, कृषि जे टि ए र भेटनरि जे टि ए तालिम संचालन गरिरहेको छ । प्राबिधिक शिक्षा तथा ब्यबसायिक तालिम परिषद् तथा राष्ट्रिय सीप परिक्षण समितीसंग समन्नय गरि समुदायका महिला तथा पुरुषहरूको दक्षता अभिबृद्धिमा सहयोग गरिरहेको छ । यस कार्यक्रमले कार्यक्षेत्रका बिभिन्न जिल्लाका समुदाय स्तरमा कृषि जे.टि.ए उत्पादन गरेको छ भने समुदाय स्तरीय पशु सेवा तालिम बाट ग्रामिण पशु कार्यकर्ता उत्पादन गरेको छ । संस्थाको यस कार्यले स्थानिय स्तरमा दक्ष जनशक्ति तथा स्वरोजगारको बातावरण निर्माणमा सहयोग पुगेको छ ।

## ४. बिऊ पूँजी सहयोगः

ओरेकले यस बर्ष गाउपालिका, नगरपालिका र सरोकारवालासंग सहकार्य गरी समुदायका ७१७ जनालाई व्यवसाय संचालन गर्न नगद तथा जिन्सी सामाग्री उपलब्ध गराउन पहल गरेको छ ।

सहयोग कार्यक्रम अन्तरगत उदयपुरका २० घरपरिवारलाई पानी घट्ट संचालन गरि बिजुली तथा पिसानीमा सहयोग पुगेको छ । त्यसैगरि ३७ महिला र २९ पुरुष गरि ६६जनाले नमुना कृषि फार्म निर्माण भएको छ ।

### ५. कृषि तथा पशु ब्यवसाय संरक्षण तथा प्रबर्द्धन

यस बर्ष ओरेक नेपाल शाखा कार्यालय उदयपुरले पशु स्वास्थ्य कार्यालयको समन्वयमा त्रियुगा नगरपालिका भित्र पशु पालनको क्षेत्रमा देखा पर्ने समस्याहरुको तत्कालिन समाधानको लागि कृषकहरुलाई परामर्श सेवा, र पशु रोग सम्बन्धि विभिन्न सेवा समेत संचालन गरेको थियो । जस अन्तरगत पिपिआर भ्याक्सिन, ३५० गाइ र १०० बाख्रा, २०९ पशुको ल्याब सेवा र ५५ बाख्राको क्यास्ट्रयासन, पशु स्वास्थ्य र स्याहार सम्बन्धी १६ जना पशुपालक कृषकहरुलाई परामर्श सेवा प्रदान गरिएको थियो ।

### ६. पर्यावरण मैत्रि गाउँ प्रवर्द्धन कार्यत्रम :

पर्यावरण मैत्रि गाउ प्रवर्द्धन कार्यत्रमले समुदायको स्थितिलाई प्रकृति तथा पर्यावरण मैत्रि स्याहार र प्रविधिको प्रयोग गर्ने क्षमतामा अभिवृद्धि गर्न उत्प्रेरित गर्छ । हाल यो कार्यत्रम उदयपुर, दांग र सिरहा जिल्लाका समुदायको १० वटा टोलमा संचालन गरिएको छ । जसमध्ये ८ वटा पर्यावरणीय नमुना गाउँ स्थानिय तहमा नै हस्तान्तरण भएको छ । यसैगरी पर्यावरणिय नमूना गाउँको सुचक र यसको प्राप्तीका लागि वडालाई जिम्मेवार बनाउन स्थानिय स्तरमा छलफल कार्यक्रम संचान गरिएको थियो ।

### ७. दिगो बिकास लक्ष्यको स्थानियकरण

दिगो विकासका १७ वटा लक्ष्यहरूले विशेष गरेर हरेक व्यक्तिको स्वाभिमान, स्वतन्त्रता, समानताका साथै भोक, गरिबीको अन्त्य गर्दै स्वस्थ जीवन यापनका लागि पहल गर्ने कुरा उल्लेख गरेको छ । त्यसका साथै यसले  अति विपन्न तथा जोखिममा पर्नसक्ने समुहहरूको पहिचान र उनीहरुको आवश्यकता परिपुर्ति गर्न सहयोग गर्दछ । यस बर्ष समुदाय स्तरबाट योजना छनौट प्रकृया देखि नै दिगो बिकास लक्ष्यमा आधारित रहि योजना छनौट गर्न स्थानिय जनप्रतिनिधिहरुलाई अभिमुखिकरण तथा सहजिकरणको कार्यहरु गरिरहेको छ ।

### ८. भुकम्प प्रभावितहरूको लागि पुनर्निर्माण तथा पुनर्स्थापना कार्यत्रम




सिन्धुपाल्चोक जिल्लाको इन्द्रावती गाउँपालिका वडा नं ११ अवस्थीत माझी बस्तीमा पुननिर्माण तथा पुनर्स्थापना कार्यत्रम सञ्चालन गरिएको छ । भुकम्पबाट अति प्रभावित करिव १५० महिला र १८९ बाल बालिका सहित ४०० भन्दा बढि समुदायका सदस्यहरुलाई सुरक्षित बासस्थानका साथै दिगो जिविकोपार्जनमा

सहयोग पुर्‍याउने योजना अनुसार यस बर्ष समुदायका सबै ५६ वटा घर पुर्ननिर्माण कार्य सम्पन्न भई समुदायमा हस्तान्तरण गरिएको छ । त्यस्तै गरेर पुर्नस्थापना कार्यक्रम अन्तर्गत विभिन्न विषयहरूमा सचेतनामुलक अभिमुखीकरण, सीप मुलक तालिम, तरकारी तथा फलफुलको विउ सहयोग, निर्माण सामग्री सहयोग जस्ता गतिविधिहरु सञ्चालन भईरहेका छन् । यो कार्यक्रमले माभी बस्तीको विशेष गरेर प्रभावित महिलाहरूको मुहार फेरिएको छ ।

## कार्यक्रमको मुख्य उपलब्धि

- ओरेक नेपालले सन्चालन गर्दै आएको महिला स्वास्थ्य मेलाको प्रभाबकारीताको कारण महिला स्वास्थ्य कार्यक्रम संचालन भएका जिल्लाका पालिकाहरूले संस्थासंग सहकार्य गरि थप ६ वटा महिला स्वास्थ्य मेला सम्पन्न गर्न आथिक स्रोत प्रदान गरेका छन् ।
- निरन्तर रूपमा संस्थाले संचालन गर्दै आएको पैरवीका कारण यस बर्ष दाङ्ग जिल्लामा मनोविमर्श केन्द्र ४ वटा र उदयपुरमा वडासँगको सहकार्यमा २ वटा स्थापना गर्न सफल भएको र उदयपुरमा २ वटा मनोविमर्श केन्द स्थानिय तहमा हस्तान्तरण गर्न सफल भएको छ ।
- दाङ्ग, उदयपुर, सिराहा, र रूकुम जिल्लामा महिला स्वास्थ्य मेलामा आएका महिलाहरु मध्ये २२१ जना महिलाहरूको पाठेघर खस्ने समस्याको पहिचान भई उपचार पाएका छन् जसमध्ये ४४ जना महिलाहरूलाई शल्यक्रियाका लागि प्रेषण गरिएको र बांकि १७७ जनालाई रिङ्ग पेसरी राखेर स्वास्थ्य मेलाकै क्रममा उपचार गर्न सफल भएको छ ।
- दाङ्ग जिल्लामा कार्यक्रम संचालन भएका २० वटै बिद्यालयको बाल विवाहको तथ्यांक संकलन गरीएको छ जसमा कार्यक्रमको प्रभावका कारण बाल बिवाहको संख्या औषत १३.४५ बाट औषत ७.२ मा घटेको देखिएको छ ।
- महिलालाई जिविकोपार्जनमा गरिएको सहयोगबाट औसत रूपमा ३ देखि ५ हजार सम्मको मासिक आम्दानी गरि जीविकोपार्जनमा सहयोग भएको छ ।

## आ.व. २०७५/०७६ को आयव्ययको विवरण




| ओरेकले सञ्चालन गरेको अभियानअनुसार खर्च विवरण | खर्च (नेपाली रुपैयामा) | प्रतिशतमा |
|---|---|---|
| आर्थिक सामाजिक तथा सांस्कृतिक अभियान | ३६,८११,२४७.०० | २९% |
| महिलामाथि हुने हिसाविरुद्धको अभियान | ८८,५८०,९८३.६२ | ७१% |
| **कुल खर्च** | १२५,३९२,२३०.६२ | १००% |

WOREC

ओरेक नेपाल
पोष्ट बक्स नं. : १३२३३, काठमाडौं, नेपाल
फोन : ०१ ५१८६०७३
ईमेल : ics@worecnepal.org
वेवसाइट : www.worecnepal.org
www.facebook.com/worecnepal